## الدرس السابع - نيبالي
## عام الحزن

## पाठ - 7
## दुखद बर्ष

नबी ﷺ को काका अबुतालिबको शरिरमा रोग सर्न थाल्यो, ओछ्यानबाट उठ्ने शक्ति जवाफ दिइ हाल्यो, र चांडै अन्तिम समय पनि आइ पुग्यो, मृत्यु भन्दा पहिला उहाँको सिर्हानामा रसूल ﷺ ले «लाइलाह इल्लल्लाह» भनिदिने गोहार लगाइ राख्नु भयो , तर त्यहाँ उपस्थित अबुतालिबको पापी साथीहरुले जसको प्रधान व्यक्ति अबुजहल थियो मनाहि गर्नु भयो , र भन्नु भयो , के तिमी आफ्नो पुर्वजको धर्म छोडि दिन्छौ ? के तिमी अब्दुल मुत्तलिबको धर्म छोडिदिन्छौ ? उनीहरुले लगातार यस्तो भन्दै गए यहाँ सम्म कि अबुतालिबको मृत्यु शिर्क कै अवस्थामा भइहाल्यो
र यस कारण रसूल ﷺ लाई दोहरो दुखः भयो कि उहाँको काकाको मृत्यु कुफरको अवस्थामा भयो, अबुतालिबको मृत्युको लगभग दुइ महिना पछि हजरत खदिजा **رضي الله عنها** को पनि देहान्त भइहाल्यो, रसूल ﷺ धैरै दुखी हुनु भयो, उनी दुवैको मृत्यु पछि त कुरैशको अत्याचार पनि रसूल ﷺ माथि साह्रै बढन थाल्यो ।

**रसुल ﷺ ताएफमा** : मुस्लिमहरु माथि कुरैशको अत्याचार र अन्याय दिन प्रति दिन बढदै गयो, त्यस कारण रसूल ﷺ ले ताएफ जाने बिचार गर्नु भयो, उहाँले सोच्नु भयो कि शायद अल्लाह तआला उनीहरुलाई इस्लामको बाटो देखाउँ छन, ताएफ जानु कुनै सजिलो कार्य थिएन, ताएफको चारै तिर ठुल ठुला पहाडका कारण त्यहाँको बाटो धेरै कठिन् थियो, तर ताएफवासीहरुले नबी ﷺ लाई एकदमै नराम्रो तरिकाले सामुना गरि उहाँलाई ठोकियाउनु भयो, उहाँको कुरा पनि सुन्नु भएनन, बरु उहाँलाई धुत्कारनु भयो, र दुष्कर्मी केटाहरुलाई उहाँको पछाडि लगाइदिनु भयो, पापी केटाहरुले उहाँ माथि ढुँगा हिडकाएर उहाँको खुट्टालाई घायते पार्नु भयो, रसूल ﷺ निराश र दुखद भएर मक्का तिर फर्किन लागनु भयो, त्यहि समय जिब्रईल عليه السلام र पहाडको फरिशता (देवदुत) प्रकट हुनु भयो, र जिब्रईल عليه السلام ले भन्नु भयो कि «अल्लाह तआलाले तपाईको सेवामा पहाडको फरिशतालाई पठाउनु भएको छ , तपाई जे चाहन्छौं आज्ञा दिनुस» त्यस पछि पहाडको फरिशताले भन्नु भयो «हे मुहम्मद ! यदि तपाई चाहन्छौं भने म अखशबैन (मक्काको दुइटै पहाडको नाम) लाई एक अर्का सँग मिलाइ दिन्छु र बीचमा उनीहरुलाई पीस दिन्छु» त रसूल ﷺ ले भन्नु भयो «बरु म आशा गर्दछु कि अल्लाह उनीहरको कोखबाट यस्तो सन्तान जन्म दिन्छन् जुन् मात्र एक अल्लाहको उपासना गर्ने छन् र उहाँको उपासनामा कुनै प्रकारको मिश्रण गरिदैनन्» । रसूल ﷺ को साहस र दयाको यो एउटा महान र ठुलो नमुना हो

**चंद्रमा च्यातिएको चमत्कार** : रसूल ﷺ र नासतिकहरु बीच झगडाको जुन् मुद्दाहरु थिए त्यस मध्ये एउटा यो पनि थियो कि उनीहरुले रसूल ﷺ सित आफ्नो दुतावासलाई प्रमाणित गर्नका लागि चमत्कारको माँग गर्दै थिए, र धैरै पटक उनीहरुले आफ्नो यो माँग राखेका थिऐ, एक चोटि उनीहरुले चंद्रमालाई दुइ भागमा बिभाजित गरिदिने प्रस्ताव राखे, त रसूल ﷺ ले आफ्नो पालनकर्ता अल्लाह सित प्रार्थना गर्नु भयो, र अल्लाहले उनीहरुलाई दुई भागमा बिभाजित भएको चंदरुमा प्रत्यक्ष रुपले देखाउनु भयो, कुरैशले यो प्रमाण लामो समय सम्म हेर्नु भयो, तर पनि उनीहरुले इस्लाम स्विकार गरेनन्, बरु भन्नु भयो कि मुहम्मदले हामीहरुलाई जादु गरिदिएको छ, तिनीहरु मध्ये एक व्यक्तिले भन्नु भयो कि यदि मुहम्मदले तिमीहरुलाई जादु गरेको छ भने संसारको सबै व्यक्तिलाई जादु गर्नु सम्भव छैन, तसर्थ भर्मणमा गएको व्यक्तिहरुको प्रतिक्षा गर, जब भर्मणमा गएको व्यक्तिहरुले फर्केर वापिस मक्का आउनु भयो, त उनीहरु सित सोध पुछ भयो, र उनीहरुले पनि भन्नु भयो कि हो हामीले पनि यस्तो हेरेका छौं, तर त्यसका बावजूद पनि कुरैशले इस्लाम स्विकार गरेनन् बरु आफ्नो कुफर माथि डटि रहनु भयो ।